श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

२०३२ सालको अध्यादेश नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

## निर्वाचन (अपराध तथा सजाय) ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "निर्वाचन (अपराध तथा सजाय) (तेस्रो संशोधन) अध्यादेश, २०३२" रहेको छ ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको क्षेत्रमा प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४CC

२. निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा २ मा संशोधन : निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) "निर्वाचन" भन्नाले नेपालको संविधान र प्रचलित नेपाल कानून बमोजिम गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च वा सदस्य, जिल्ला सभाको सदस्य, जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ।"

३. मूल ऐनमा दफा ५ क र ५ ख थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क र ५ ख थपिएको छ :–

"५ क. निर्वाचन खर्चको हद:– (१) उम्मेदवारले निर्वाचनमा निर्वाचन आयोगबाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिएको हदभन्दा बढी खर्च गर्न पाउने छैन।

(२) निर्वाचित उम्मेदवारले आफूले निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतिजा घोषणा भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) यस दफाको प्रयोजनको लागि निर्वाचनको खर्च भन्नाले निर्वाचनको सूचना प्रकाशित भएको मितिदेखि मतदान सम्पन्न नभएसम्मको अवधिभित्र निर्वाचनमा उम्मेदवारले निर्वाचनको लागि खर्च गरेको रकम सम्झनु पर्छ।

तर यस दफामा लेखिएको कुनै कुराले यस ऐन वा अन्य प्रचलित नेपाल कानूनले निषेध गरेको कुनै काम कुरामा खर्च गर्न अधिकार दिएको मानिने छैन।

५ ख. निर्वाचनसम्बन्धी प्रचार सामग्री निर्वाचन आयोगमा पेश गर्नु पर्ने : निर्वाचनको प्रचारको सिलसिलामा कुनै उम्मेदवारले आफ्नो नीतिसम्बन्धी कुनै पर्चा आदि निकाल्दा त्यस्ता पर्चा आदि वितरण वा प्रचार गर्नु अगावै त्यसको एक प्रति निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।"

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ मा रहेको "प्रिजाइडिङ्ग अधिकृतले" भन्ने शब्दहरूको सट्टा "निर्वाचन अधिकृतले" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिसकेपछि मात्र लागु हुनेछ।

४८९

५. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उप-दफा (५) पछि देहायको उप-दफा (६) र (७) थपिएका छन् :–

"(६) कसैले दफा ५ क को उप-दफा (२) बमोजिम निर्वाचनको खर्चको विवरण पेश नगरेमा निजलाई देहायको निर्वाचनको सम्बन्धमा देहायको हदसम्म जरीवाना हुनेछ :–

(क) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत र जिल्ला सभा—रू. १००।–

(ख) जिल्ला पञ्चायत— — — — — — — — — — — — रू. ५००।–

(ग) राष्ट्रिय पञ्चायत — — — — — — — — — — रू. १,०००।–

(७) कसैले दफा ५ ख को बर्खिलाफ कुनै काम गरेमा निजलाई रू. ५००।– सम्म जरीवाना हुन सक्ने छ।"

६. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को उप-दफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :–

"(ग) निर्वाचित उम्मेदवारले दफा ५ क को उप-दफा (१) बमोजिम तोकेको हदभन्दा बढी रकम निर्वाचनमा खर्च गरेको थियो भनी ।"

७. मूल ऐनमा दफा १५ क थप : मूल ऐनको दफा १५ पछि देहायको १५ क थपिएको छ :–

"१५ क. सजाय दिने अधिकार : दफा १३ को उप-दफा (६) र (७) अन्तर्गत सजाय हुने अपराधको सम्बन्धमा जाँचबुझ गरी सजायको आदेश दिने अधिकार निर्वाचन आयोगलाई हुनेछ र निर्वाचन आयोगले दिएको सजायको आदेश अन्तिम हुनेछ।"

८. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ :–

"(१) यस ऐन अन्तर्गतको मुद्दामा उजूर गर्ने हद म्याद पैंतीस दिन हुनेछ ।

स्पष्टीकरण :– यस उप-दफाको प्रयोजनको लागि उजूर गर्ने हद म्याद कायम गर्दा उजूर गर्नु पर्ने कारण उपस्थित भएको मितिले हद म्याद कायम गर्नु पर्दछ ।"

९. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :–

"२१. धरौटी राख्नु पर्ने : उजूरवालाले यस ऐन बमोजिम कुनै उजूर दिंदा देहायका निर्वाचनको सम्बन्धमा देहाय बमोजिम धरौटी राख्नु पर्नेछ :–

(क) गाउँ सभा र गाउँ पञ्चायतको निर्वाचनको सम्बन्धमा— रू. १०।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नगर सभा, नगर पञ्चायत र जिल्ला सभाको निर्वाचनको सम्बन्धमा– – – – – – – – – – – रू. ४०।–

(ग) जिल्ला पञ्चायतको निर्वाचनको सम्बन्धमा– – रू. ८०।–

(घ) राष्ट्रिय पञ्चायतको निर्वाचनको सम्बन्धमा– – रू. १२०।–"

१०. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ मा रहेको "सम्बन्धित तहको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनलाई" भन्ने वाक्यांशको सट्टा "सम्बन्धित तहको पञ्चायतलाई" भन्ने वाक्यांश र "आफू निर्वाचित भएको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनमा" भन्ने वाक्यांशको सट्टा "आफू निर्वाचित भएको पञ्चायतमा" भन्ने वाक्यांश राखिएको छ ।

११. रूपान्तर : मूल ऐनमा "प्रिजाइडिङ्ग अधिकृत" वा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "पिठासीन अधिकृत" वा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

१२. खारेजी: मूल ऐनको दफा ६ खारेज गरिएको छ ।

लालमोहर सदर मितिः– २०३२।९।१७।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५१